# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

**खण्डः ९** | **संख्याः ५** | **मितिः२०८२।०८।१५**


## भाग - २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको कायविधि सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## गाई/भैंसी गोठ सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**पृष्ठभूमिः**

कृषि व्यवसायलाई दिगो र उत्पादनशील बनाउन गुणस्तरीय प्राङ्गारिक वस्तुको आवश्यकताको विकल्प छैन। पशुहरुबाट निस्केका मल र पिसाबलाई व्यवस्थित गर्नु र गाई भैंसीको थलो सुधार गर्नु पशुपालनको एक महत्वपूर्ण पाटो हो। तसर्थ गाउँपालिका भित्र गाई भैंसी पालन गरिरहेका कृषकहरुको उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषि तथा पशुपालन व्यवसायलाई व्यावसायीकरण र आधुनिकीकरणका साथै प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्न एवं गाउँपालिकाबाट स्वीकृत गाई/भैंसी गोठ सुधार कार्यक्रम सञ्चालन गर्न यो कार्यविधि निर्माण गरिएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः१) यस कार्यविधिको नाम "गाई/भैंसी गोठ सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ रहेको छ।

२) यो कार्यविधि बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

३) यो कार्यविधि बागमती गाउँपालिका भरी लागू हुनेछ ।

### परिच्छेद-२

### परिभाषा

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले यस बागमती गाउँपालिकालाई जनाउँदछ।

२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बागमती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

३) "शाखा प्रमुख" भन्नाले बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको पशु सेवा शाखाको प्रमुख सम्झनु पर्दछ।

४) "गाउँ कार्यपालिका" भन्नाले बागमती गाउँपालिका, गाउँ कार्यपालिका सम्झनु पर्दछ।

५) समिति भन्नाले "छनौट समिति" सम्झनु पर्दछ।

६) कृषक भन्नाले गाई/भैंसी पालनमा संलग्न व्यक्तिलाई जनाउँदछ।

६) पशु भन्नाले गाई/भैंसीलाई जनाउँदछ।

## परिच्छेद-३
## उद्देश्यहरु

३. उद्देश्यहरुः

१) कृषकहरुले पालन गरेको गाई भैंसीको लागि व्यवस्थित गोठ निर्माण गरि रोगहरुको न्यूनीकरण, लागत कम र उत्पादन बृद्धि गर्नु।

२) मल मूत्रको सदुपयोग गरि प्राङ्गारिक मल उत्पादनमा टेवा पुर्याउनु।

३) दिगो कृषि र प्राङ्गारिक खेतीमा जोड दिई रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्नु।

४) कृषि क्षेत्रमा लगानी बढाई व्यावसायिकता र उद्यमशिलताको प्रवर्द्धन गर्नु।

## परिच्छेद-४
## छनौट प्रक्रिया

४. छनौट समितिः

छनौट समिति देहाय बमोजिमको हुनेछः

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख) आर्थिक विकास समितिको संयोजक | - सदस्य |
| ग) योजना शाखा प्रमख | - सदस्य |
| ग) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | - सदस्य |
| ङ) पशुपन्छी विकास शाखा प्रमुख | - सदस्य सचिव |

**५. छनौट समितिको काम कर्तव्य र अधिकारः** छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

क) प्रकाशित सूचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने,

ख) लाभग्राहीको छनौट गर्ने,

ग) कार्यक्रम सम्झौता गरि कार्यान्वयनको चरणमा लैजाने,

घ) समितिको बैठक सम्बन्धी प्रावधान समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**६. छनौट प्रक्रियाः**

१) रीतपूर्वक पेश हुन आएका आवेदकहरुको आधारमा सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ।

२) समितिमा प्राप्त निवेदन उपर छलफल गरि समितिले कार्यक्रमको लागि लाभग्राही छनौट गर्नेछ।

## परिच्छेद-५

## कार्यक्रम संचालन

७. कार्यक्रम संचालन विधिः

क) आवेदन पेश गर्नको लागि कम्तीमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

ख) आवेदकले अनुसूची १ बमोजिम निवेदन र कागजातहरु पेश गर्नु पर्नेछ।

ग) स्थलगत अनुगमन, मूल्याङ्कन तथा सम्बन्धित प्राविधिकले पेश गरेको प्रतिवेदनको आधारमा छनौट समितिले अनुदानग्राही छनौट गर्नेछ।

घ) छनौट भएका कृषक, कृषि फर्म, कृषि समूह र सहकारी सँग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ।

ङ) तोकिएको समय अवधिभित्र सम्झौता गर्न नआएको खण्डमा प्राथमिकताको आधारमा अन्य कृषकलाई कार्यक्रम प्रदान गरिनेछ।

च) सम्झौता भइसकेपछि छनौटमा परेका कृषकले प्राविधिक इस्टमेट बमोजिम गोठको मर्मत गर्ने, बस्तु बस्ने ठाँउ ढलान गर्ने, पिसाब बग्ने नाली तयार गर्ने तथा पिसाब जम्मा हुने ट्याङ्की निर्माण गर्ने कार्य गर्नु पर्दछ।

छ) गोठ सुधार कार्यक्रमको लागि गाउँपालिका कार्यालयबाट ५०% अनुदानमा प्रति कृषक बढीमा रु. १००००/- का दरले अनुदान प्रदान गरिनेछ र कृषकले कम्तीमा ५०% बराबरको रकम साझेदारी/जनश्रमदान गर्नुपर्नेछ। अनुदान रकममा नियमानुसार कर कट्टी गरिनेछ ।

८. अनुदान रकम र भुक्तानी प्रक्रियाः

क) कार्यक्रम संचालनको लागि छनौटमा परेका लाभग्राहीलाई पेश्की रकम उपलब्ध गराइने छैन र अन्य आवश्यक स्रोत/साधन आवेदक आफैंले व्यवस्थापन गरि कार्यक्रम संचालन गर्नुपर्नेछ।

ख) कार्यसम्पन्न भएपश्चात तपसिलका कागजातहरु गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरेपछि नियमानुसार अनुदान रकम एकमुष्ठ भुक्तानी गरिने छ।

तपसिलः

क) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति,

ख) वडा स्तरीय अनुगमन प्रतिवेदनको सक्कल प्रति,

ग) आवश्यक बिल भरपाई,

घ) अनुदान कार्यक्रम संचालन भएको स्थानको फोटोहरु,

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि,

च) कार्यसम्पन्न भएको प्राविधिक प्रतिवेदन,

छ) भुक्तानीको लागि निवेदन।

**९. अनुगमनः**

१) सञ्चालित कार्यक्रमको गाउँपालिका,वडा कार्यालय तथा पशु सेवा शाखाले अनुगमन तथा मूल्यांकन गर्न सक्नेछ।

**१०. भुक्तानी दिन बाध्य नहुनेः**

१) सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन।

२) सम्झौतामा उल्लिखित अवधि भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआएमा भुक्तानी दिन बाध्य हुने छैन।

## परिच्छेद-६

## विविध

११. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. बाधा अड्काउ फुकाउः यो कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ आइपरेमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१३. संशोधनः यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची - १

**(दफा ७(ख) सँग सम्बन्धित)**

अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदनको ढाँचा

मिति ....................

श्रीमान् कार्यालय प्रमुखज्यू,

बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झुरझुरे, मकवानपुर।

**विषयः गाई/भैंसी गोठ सुधार कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे**

प्रस्तुत विषयमा बागमती गाउँपालिका, पशुपन्छी विकास शाखाबाट मिति ..................................... मा प्रकाशित सूचना अनुसार ......................... शीर्षकको अनुदान कार्यक्रम संचालन गर्न तपसिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**संलग्न कागजातहरुः**

१) अघिल्ला दुइ आर्थिक वर्षमा कुनै कार्यालय/संस्थाबाट अनुदान प्राप्त गरे वा नगरेको उल्लेख गरि अनुदान लिन उपयुक्त भएको व्यहोरा सहितको निवेदन,

२) आवेदकले आफूले संचालन गर्ने व्यवसायको परियोजना प्रस्ताव,

३) सम्बन्धित वडा कार्यालयको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए सो को व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र,

४) नवीकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि एक प्रति,

५) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक प्रति (स्थायी लेखा नं. लिएको भएमा),

६) समुह वा संस्थाको हकमा कार्यसमितिको बैठकको अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि,

७) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तीमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि,

८) कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि,

९) सम्बन्धित विषयमा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि।

निवेदकको दस्तखतः

नाम, थरः

ठेगानाः

सम्पर्क नम्बर / छापः

बागमती गाउँपालिका, मकवानपुर

# अनुसूची -२

## (दफा ७(ग) सँग सम्बन्धित)

| क्र.सं. | कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरु | अंक |
|---|---|---|
| १ | माउ गाई भैंसी संख्या | २ वटाको लागि ५<br>३ वटाका लागि १०<br>३ वटा भन्दा बढी २० |
| २ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) | १:१.५ भन्दा बढी - १०<br>१:१ भन्दा बढी देखि १.१५ सम्म - ५ |
| ३ | व्यावसायिक खेती गरिने जग्गाको क्षेत्रफल | १ रोपनी भन्दा कमका लागि ५<br>१ रोपनी भन्दा बढी १० |
| ४ | सम्बन्धित विषयमा ७ दिन भन्दा बढी तालिम लिएको | क) ७ दिन वा सो भन्दा बढी तालिम लिएको -१०<br>ख) ७ दिन भन्दा कम तालिम लिएको -५ |
| ५ | अघिल्लो आ.व. मा कुनै कार्यालयवाट अनुदान लिए/नलिएको | नलिएको -१०<br>उल्लिखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको - ५ |
| ६ | लक्षित वर्ग | सिमान्तकृत १५, दलित र जनजाति १०, अन्य ५ |
| ७ | प्रस्तावकको मुख्य पेशा | क) मुख्य पेशा भएमा १०<br>ख) सहायक पेशा भएमा ५ |
| ८ | फर्म दर्ता भएको | क) ३ वर्ष भन्दा बढी भएको -१५<br>ख) १ वर्ष देखि ३ वर्ष भएको -१०<br>ग) १ वर्ष भन्दा कम समय भएको -५ |

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची-३

## प्रस्ताव-पत्र

### १. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| आवेदक संस्थाको किसिम (कुनै एकमा चिन्न लगाउने) | १. कृषक समूह<br>२. सहकारी<br>३. दर्तावाल फर्म<br>४. कृषक |
| प्रोपाइटर वा अध्यक्षको नाम | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नं. | |
| संस्थाको मुख्य उद्देश्य | |
| कार्यक्रम संचालन हुने स्थान | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भैरहेको भए, कुन संस्थाबाट के उद्देश्यको लागि वित्तिय सहयोग प्राप्त गर्नु भएको, खुलाउनुहोस् | |
| विगत २ वर्षमा बागमती गाउँपालिका वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको भए सो को विवरण | |

### २. हालको व्यावसायिक विवरणः

| क्र.सं. | व्यवसाय | क्षेत्रफल वा संख्या | उत्पादन परिमाण | उत्पादन मूल्य | प्रविधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

बागमती गाउँपालिका, मकवानपुर

२. क्रियाकलापको विवरण

| क्र.सं. | क्रियाकलापको विवरण | परिमाण | अनुमानित लागत | | कुल रकम | सम्पन्न गर्न लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | आफुले बेहोर्ने | माग गरिएको | | | |
| पुँजीगत तर्फ | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| अन्य कार्यहरु | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

४. कार्यक्रम संचालनबाट प्राप्त उपलब्धिहरु

५. बजार योजना

६. नवीनतम् सोच र दिगोपनाः

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची -४

## गाई भैंसी गोठ सुधार कार्यक्रमका लागि सम्झौता पत्रको ढाँचा

सम्झौता पत्र

श्री बागमती गाउँपालिका (पशु सेवा शाखा) (यस पछि पहिलो पक्ष भनिने। र मकवापुर जिल्ला बागमती गाउँपालिका वडा नं. ........ स्थित ...................... मा स्थापना भएको श्री ............................................................ श्री ............................................ फर्मका प्रोपाइटर ..................................... (यस पछी दोश्रो पक्ष भनिने) बीच साझेदारी/सहकार्यमा आ.व. .............. को स्वीकृत गाई भैंसी गोठ सुधार कार्यक्रम बागमती गाउँपालिका वडा नं. ......................... मा संचालन गर्न तपसिल बमोजिमका शर्तका अधीनमा रहि यो सझौता पत्रमा हस्ताक्षर गरी लियौं दियौं।

तपसिलः

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।

२. दोस्रो पक्षले स्थापना वा मर्मत सुधार गरेको खोर/गोठमा कुल लागत मध्य बढीमा १०,०००। (अक्षेरेपि रु. दश हजार रुपैयाँ मात्र) अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ। अनुदान रकम बराबरको रकम व्यवसायी स्वयंले लगानी गरेको प्रष्ट हुने विल भरपाइ पेश गर्नु पर्नेछ। (कम्तीमा रु. २०,००० बराबरको)

३. खोर गोठ सुधार तथा मर्मतका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै सञ्चालन गर्नुपर्नेछ।

४. सम्झौता भएको मितिले ७ दिन भित्र खोर गोठ सुधारको कार्य सुरु गरि सक्नु पर्नेछ । यदि कार्य सुरु नभएमा सम्झौता स्वतः रद्द हुनेछ।

५. दोश्रो पक्षले ................................................ भित्र खोर सुधार तथा मर्मतको कार्य सम्पन्न गरि सक्नु पर्नेछ।

६. काम सम्पन्न भएपश्चात दोश्रो पक्षले उल्लिखित कागजातहरु सहित गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ।

क) वडा कार्यालयको आन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रतिः

ख) वडा स्तरीय अनुगमन प्रतिवेदनको सक्कल प्रतिः

ग) आवश्यक बिल भरपाईः

घ) अनुदान कार्यक्रम संचालन भएको स्थानको फोटोहरुः

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपिः

च) कार्यसम्पन्न भएको प्राविधिक प्रतिवेदनः

छ) भुक्तानीको लागि निवेदनः

छनौट भएका व्यवसायीले गर्ने चाहेका मुख्य मुख्य कामहरु

| क्र.सं. | कामको विवरण | लागत | समपन्न गर्ने मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |

७. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

प्रथम पक्षको तर्फबाट
नाम, थरः
पदः
संस्थाको नाम र छापः
मितिः

दोस्रो पक्षको तर्फबाट
नाम, थरः
पदः
संस्थाको नाम र छापः
मितिः

रोहबर

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर